परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्रपुस्तिका

(नदीजन्य पदार्थको बिक्रि शुल्क संकलन सम्बन्धि ठेक्का)

आर्थिक वर्षः- २०८३/०८४

ठेक्काको नामः- परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला बाट ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल र रोडामा बिक्रि शुल्क उठाउने कार्य

ठेक्का नं.:- IR/PM/०३/२०८३/८४

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२१

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुडा, डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

**नदीजन्य पदार्थको बिक्री शुल्क संकलनका लागि बोलपत्र आह्वान सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२१**

यस परशुराम नगरपालिकाको कार्यालय जोगबुडा, डडेल्धुराबाट आ.व.२०८३/०८४ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र परशुराम नगरपालिका आर्थिक ऐन, २०८३ को दफा १६, अनुसूची १७ को व्यवस्था बमोजिम र परशुराम नगरपालिका नगर कार्यपालिका बैठकको मिति २०८३/०६/०९ गतेको निर्णय नं. १५ अनुसार लगाउन सकिने देहाय बमोजिमको नदीखोलाहरुको बिक्री शुल्क (रोयल्टी) ठेक्कालिन इच्छुक फर्म वा कम्पनीहरुलाई तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

| बोलपत्रनं. | नदीखोलाको बिवरण | न्यूनतम ठेक्का अंक रु. (मु.अ.कर सहित) | संकलन/उत्खनन गर्नु पर्ने परिमाण (घन मिटर) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| IR/PM/०१/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, बहादुरे नाका (करावण्ड देखी महाकाली छेउ सम्म) | ६७,८०,४१६.०० | ३२,०००.०० | ३,००० |
| IR/PM/०२/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका (करावण्ड देखी परशुराम न. पा. सिमाना गेट सम्म) | १,०२,००,२४१.२३ | ४८,१४०.०० | ३,००० |
| IR/PM/०३/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला | ५०,१८,४६४.६३ | २३,६८५.०० | ३,००० |
| IR/PM/०४/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने सादनी खोला | ३६,६८,८६४.२६ | १७,३१६.०० | ३,००० |
| IR/PM/०५/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने महाकाली नदि (कलपटा घाटदेखि तल) | ३३,९०,२०८.०० | १६,०००.०० | ३,००० |
| IR/PM/०६/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने शीर्ष खोला | १६,२१,६४९.४९ | ७,६५४.०० | १,००० |
| IR/PM/०७/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने कलेना खोला | १८,८३,४४८.८९ | ८८९०.०० | १,००० |
| IR/PM/०८/२०८३/८४ | परशुराम नगरपालिका भएर बग्ने लटेरोडा खोला | ७,५३,३७९.५६ | ३५५६.०० | १,००० |

प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु:

१. इच्छुक फर्म÷कम्पनीहरुले फर्म÷कम्पनीदर्ता प्रमाणपत्र, फर्म नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप र फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र, माथि उल्लेखित बोलपत्र (टेण्डर) फाराम दस्तुर बापत (फिर्ता नहुने गरी) यस कार्यालयको नेपाल बैङ्क लि.जोगबुडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. २४४०३०००००१००१००००००१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर साथ निवेदन पेश गरी मिति २०८३ कार्तिक ०९ गते कार्यालय समयभित्र नगर कार्यपालिकाको कार्यालयको वेबसाईट https://parshurammun.gov.np/ बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गर्न सकिने वा नगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने व्यवस्था गरिएको छ।

२. रीतपूर्वक दर्ता हुन आएका बोलपत्र मिति २०८३ कार्तिक १० गते दिउसो १:०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलीने दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

३. ठेक्कालिने ईच्छुक फर्मले आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस परशुराम नगरपालिकाको नेपाल बैङ्क लि. जोगबुडा शाखामा रहेको धरौटी खाता नं. २४४०३००००००३०००००००००१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्क बाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिन देखि १२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ।

४. बोलपत्र खरीदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टा छुट्टै बोलपत्र फाराम डाउनलोड गरि बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, सम्पर्क नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मिति २०८३ कार्तिक १० गते दिउसो १२:०० बजे भित्र नगर कार्यपालिकाको कार्यालयमा छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ।

५. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखीने गरी लेख्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

७. यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको, म्याद नाघि आएको र रीत नपुगी वा कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन। प्रचलित नियमानुसार कालोसूचीमा परेका व्यक्ति फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन। कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संशोधन गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छन्।

८. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल रकम र सो मा लाग्ने पुरै कर दाखिला गरि सम्झौता गर्नुपर्नेछ। सो बमोजिमको रकम एकमुस्ट दाखिला गर्न असमर्थ भएमा प्रथम किस्ता वापत २० (बीस) प्रतिशतले हुने रकम र कबोल रकममा लाग्ने पुरै कर सम्झौताका बखत र बाकि दोस्रो तथा तेश्रो किस्ता वापत ८० (असी) प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८४ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। कबोल रकम मधयेको ४० प्रतिशत रकम चालु आर्थिक वर्षको फागुन मसान्तभित्र तथा अन्तिम चालिस प्रतिशत रकम चालु आर्थिक वर्षको जेठ मसान्तभित्र दाखिला गर्नुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत भ्याट रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टि, वालुवा

प्रमुख प्रशासकीय अधिकृत

उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ र यसैको पहिलो संशोधन २०७९, परशुराम नगरपालिकाको आर्थिक ऐन २०८३, यस नगरपालिकाबाट जारी भएका कानुन, अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण र संक्षिप्त वातावरणीय अध्यन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

१०. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकीएका वस्तुहरुमा मात्र तोकीए बमोजिमको दरमा र तोकिएको स्थानमामात्र रोयल्टी संकलन गर्नुपर्ने छ। सो भन्दा फरक हुनेगरी शुल्क संकलन गरेमा नियमअनुसार कारवाही हुनेछ।

११. प्रचलित नियमअनुसार कालो सूचिमा परेका र यस परशुराम नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्रउपर कुनै कारवाही हुने छैन।

१२. ठेकेदारले परशुराम नगरपालिकाको राजश्व संकल गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलगर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनुपर्ने छ।

१३. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल झिक्नु पर्ने घाटगद्दी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ र खर्च दाबीगर्न पाइने छैन। ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान लिन कुनै व्यक्ती वा निकायको निजि जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्वीकृती लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ।

१४. ठेकेदारले नदीजन्य पदार्थ संकलन,उत्खनन हुने घाटगद्दी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले बेहोर्नु पर्ने छ र रोयल्टी संकलन गर्ने दर परशुराम नगरपालिकाको नगरसभाबाट स्वीकृत आर्थिक ऐन २०८३ को दफा १६, अनुसूची १७ मा तोकिएको दररेट प्रति घन फिट मु.अ.कर बाहेक रु. ६ (अक्षरेपी रु छ रुपैंया मात्र) अर्थात प्रति घनमिटर मु.अ.कर बाहेक रु.२११।८८ (अक्षेरेपी रु दुई सय एघार रुपैंया अठासी पैसा मात्र) हुने छ।

१५. ठेक्का अवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मिति देखि २०८४ जेठ मसान्त सम्म रहनेछ। ठेक्का अवधीमा बन्द हडताल लकडाउन आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै किसिमको क्षतिपुर्ती दाबीगर्न पाइने छैन। IEE तथा BES प्रतिवेदनले निषेध गरेको अबधी र स्थानमा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाइने छैन।

१६. खोला तथा नदीको घाटगद्दी हरुमा सम्पुर्ण जानकारी सहीतको सूचना पाटी (साईन बोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्ने छ।

१७. नेपाल सरकारले बिक्री शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस परशुराम नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदीजन्य पदार्थ उत्खनन, संकलन गरे वापत नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ। कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानुन अनुसार कारवाही गरिनेछ।

१८. नगरपालिकाबाट गरिएको IEE तथा BES प्रतिवेदनमा घाटगद्दी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन, संकलन गर्न पाईने छैन। यसरी घाटगद्दी नतोकिएको स्थानबाट उत्खनन, संकलन गरेको पाइएमा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ।

१९. परशुराम नगरपालिका कार्यालय संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE तथा BES नभएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान संकलन, उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाइ नजिकको सुरक्षा निकायको सहयोग लिइ आवश्यक कारबाही गर्नुपर्नेछ।

२०. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छ।

२१. IEE तथा BES प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार परशुराम नगरपालिकामा सुरक्षित रहनेछ।

२२. यस सूचनामा उल्लेख भएको बिषय यसै सूचना बमोजिम तथा यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम कानुन र नगरपालिकाको निर्णय बमोजिम हुने छ।

२३. ठेक्कामा कुनै विवाद भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ। साथै बोलपत्र सम्बन्धी विस्तृत जानकारी वा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा थप जानकारीको लागि परशुराम नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

परशुराम नगरपालिका नगर कार्यपालिकाको कार्यालय लालढुंगा, जोगबुडा डडेल्धुरा सुदूरपश्चिम प्रदेश २०७३

१ः- परिचय

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गत यस नगरपालिकाले कर, कबोल दस्तुर लगाउन पाउने अधिकार प्रदान गरे अनुरुप परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०६/०९ गतेको बैठकको निर्णयअनुसार आर्थिक वर्ष २०८३/०८४ मा आन्तरिक स्रोत उठाउने शिर्षक एकिन गरि सुदुरपश्चिम प्रदेश आर्थिक ऐन २०८३ तथा परशुराम नगरपालिकाको आर्थिक ऐन २०८३ को दफा १६, अनुसूची १७ बमोजिम नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, रोडा, ग्राभेल, चट्टान, स्लेट, बालुवा, चिप्स) को बिक्रि शुल्क संकलनको लागि न्यूनतम कबोल अंक कायम गरिएको छ। यसरी एकिन भएका शिर्षक र न्यूनतम कबोल अंक लाई आधार मानि आन्तरिक स्रोत उठाउने सम्बन्धि बोलपत्र आह्वानको सूचना मिति २०८३/०६/२१ गते मा प्रथम पटक प्रकाशित गरिएको छ।यहि सूचना अनुसार यो बोलपत्र पुस्तिका तयार गरिएको छ।

२ः- परिभाषा र व्याख्या

विसय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बोलपत्र पुस्तिकामा

(क) "कार्यालय" भन्नाले परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जोगबुडा डडेल्धुरा सम्झनु पर्दछ।

(ख) "आन्तरिक श्रोत" भन्नाले कार्यालयले आर्थिक वर्ष २०८३/०८४ का लगि स्वीकृत आन्तरिक श्रोतका शीर्षकहरु सम्झनु पर्दछ।

(ग) "न्यूनतम कबोल अंक" भन्नाले कार्यालयले आर्थिक वर्ष २०८३/०८४ का लागि आन्तरिक श्रोतका शीर्षकहरुका लागि कायम गरेको न्यूनतम ठेक्का कबोल अंक सम्झनु पर्दछ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ। सान्दर्भिक विषयमा सार्वजनिक खरिद ऐन २०६३ र परशुराम नगरपालिकाको आर्थिक ऐन २०८३ समेत सम्झनु पर्दछ।

(ङ) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ लाई सम्झनु पर्दछ।

(च) "ठेकेदार" भन्नाले ठेक्का दिइएका र ठेक्काको शर्त अनुसार कार्य पुरा गर्ने जिम्मा लिएका व्यक्ति वा निजको प्रतिनिधि सम्झनु पर्दछ।

(छ) "सम्झौता" भन्नाले तोकिएको कार्यहरु गर्नका लागि दुवै पक्षको दायित्व निर्धारण गरि कार्यालय र ठेकेदारका विचमा सहमति भई हस्ताक्षर भएको लिखित कागजात सम्झनु पर्दछ।

३ः- ठेक्का विवरण, न्यूनतम कबोल अंक र ठेक्काका मुख्य शर्तहरु

आर्थिक वर्ष २०८३/०८४ मा आन्तरिक श्रोत उठाउने शिर्षक र न्यूनतम कबोल अंक देहाय बमोजिम रहेको छ।

३(क)- ठेक्का विवरण तथा न्यूनतम कबोल अंक

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक (मू.अ. कर सहित) रु. |
|---|---|---|
| **IR/PM/०३/२०८३/८४** | परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला बाट ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल र रोडामा बिक्रि शुल्क उठाउने कार्य | ५०,१८,४६४.६३ |

प्रमुख प्रशासकिय अधिकृत

३(ख)- **ठेक्काका मुख्य शर्तहरु (सुचनामा उल्लेख भएका बाहेक)**

१. न्यूनतम कबोल अंक भन्दा घटि कबोल गरेको बोलपत्र अमान्य हुनेछ र त्यस्ता बोलपत्र उपर कुनै कारवाही हुने छैन।

२. कार्यालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (**IEE Report**) र संक्षिप्त वातावरणिय अध्यन प्रतिवेदन (**BES Report**) यस ठेक्कामा लागु हुनेछ।

३. वन सिमाना भित्र बाट कुनै किसिमको नदीजन्य पदार्थ तथा अन्य प्राकृतिक श्रोत निकासी गर्न यस ठेक्काको कारण बाट मात्र पाईनेछैन।

४. यस ठेक्का बमोजिम नदिजन्य पदार्थ उत्खनन गर्दा परशुराम नगरपालिकाले स्विकृत गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, संक्षिप्त वातावरणिय अध्यन प्रतिवेदन र नगर कार्यपालिका बैठकको मिती २०८३/०६/०९ गेतेको निर्णय अनुसारले तोके बमोजिमको मात्रा र स्थान बाट मात्र निकाल्नु पर्नेछ।

५. यस ठेक्का बमोजिम नदी जन्य पदार्थको संकलन निकासीमा शुल्क उठाउने कार्य तोकिएको संकलन केन्द्रबाट मात्र गर्नु पर्नेछ। शुल्क उठाउने स्थानमा अनिवार्य रुपमा स्वीकृत दररेट स्पष्ट देखिने गरि सूचना पाटी बनाई राख्नु पर्नेछ। कुनैपनि सार्वजनिक सडक राजमार्गमा ढाँट राख्न पाईने छैन।

६. यस ठेक्का बमोजिम नदीजन्य पदार्थको संकलन निकासीमा शुल्क उठाउने कार्यका लागि आबश्यक रसिदहरु ठेकेदार आफैले छपाई गरि यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाट प्रमाणित गराउनु पर्नेछ। प्रमाणित नगरेको अनधिकृत रसिदबाट शुल्क उठाउन पाईने छैन। प्रमाणित नगरेको अनधिकृत रसिदबाट शुल्क उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ। सम्झौतामा उल्लेख भएको दररेट भन्दा फरक पारी शुल्क उठाउन पाईने छैन।

७. ठेकेदारले ३-३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ।

८. यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा तिर्नुपर्ने बक्यौता भएका व्यक्ति वा फर्मको बोलपत्र निजले आफुले तिर्नु पर्ने रकम बरवुझारथ गरे मात्रै स्वीकृत गरिने छ।

९. यस कार्यालय र ठेकेदार विच ठेक्का सम्बन्धमा कुनै पनि विवाद उत्पन्न भएमा यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट भएको निर्णय नै अन्तिम निर्णय हुनेछ। यस सम्बन्धमा कुनै किसिमको उजुरी लाग्ने छैन।

१०. ठेक्का सम्बन्धि अग्रिम आयकर, मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण कर दस्तुर बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।

११. ठेक्का कबोल गरि सम्झौता भए बमोजिमको रकममा कुनै कारण जनाई तथा नजनाई कुनै किसिमको मिनाहा तथा छुट दिईने छैन।

१२. यस ठेक्का सम्बन्धि अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ठेक्का व्यवस्थापन कानुन बमोजिम हुनेछन।

४:- **बोलपत्रदाताको योग्यता**

परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिमका योग्यता हुनु पर्नेछ।

(क) बोलपत्रदाता नेपालको प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म हुनुपर्नेछ।

(ख) परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल बक्यौता नभएको।

प्रमुख प्रशासकीय अधिकृत

(ग) कालोसुचिमा नपरेको।

(घ) फर्मको हकमा प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको, मू.अ.करमा दर्ता भएको, कर चुक्ता गरेको।

**५:- बोलपत्र पेश गर्ने तरिका**

परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिम बोलपत्र पेश गर्नुपर्नेछ।

(क) यस ठेक्का सम्बन्धि सूचनामा तोकिए बमोजिमको बोलपत्र दस्तुर बुझाई परशुराम नगरपालिका, नगर कार्यपालिकाको वेबसाईट https://parshurammun.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गर्न सक्ने व्यवस्था गरिएको छ। बोलपत्र पुस्तिका राम्रो सँग अध्ययन गरि सम्बन्धित ठेक्काको विषयमा आबश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयमले गर्नु पर्नेछ।

(ख) यस ठेक्का सम्बन्धि सूचनामा उल्लेखित भए बमोजिमको धरौटी रकम नगद वा सो बराबरको बैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि बोलपत्र साथ संलग्न राखि बोलपत्र पुस्तिका भरी अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरि सम्बन्धित ठेक्काको नाम र ठेक्का नम्वर सहित उल्लेख गरि बोलपत्र निर्धारित म्याद भित्र परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नु पर्नेछ।

**६:- बोलपत्र खोल्ने प्रकृया**

नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु देहाय बमोजिम प्रकृयामा खोलिने छन।

(क) बोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धि सूचनमा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) दर्ता भएका बोलपत्रहरु सूचनामा उल्लेख भएबमोजिम बोलपत्रदाता वा निजको प्रतिनीधिको रहोवरमा यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछन। बोलपत्रदाता वा निजको प्रतिनीधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**७:- बोलपत्रको मूल्याङ्कन**

बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङ्कन देहाय बमोजिम हुनेछ।

(क) बोलपत्र मूल्याङ्कन परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समिति बाट सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ ले व्यवस्था गरे बमोजिम गरिनेछ।

(ख) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम कबोल अंक भन्दा वढी रकम कबोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका बनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ।

(ग) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभावग्राही तथा न्यूनतम कबोल अंक भन्दा सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रकृया अगाडी बढाइनेछ।

**८:- बोलपत्रको स्विकृति**

बोलपत्रको स्विकृति देहाय बमोजिम गरिनेछ।

(क) पेश भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ।

(ख) बोलपत्र मूल्याङ्कन समितबाट योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम कबोल अंक भन्दा सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

(ग) ठेक्का स्वीकृत भएको ७ दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा जमानत लिई सम्झौता गर्न सम्बन्धित बोलपत्रदातालाई परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाट सूचित गरिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

**९:- बोलपत्र जमानत वा धरौटी**

परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का स्वीकृत भएको सूचना प्राप्त भएपछि बोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए बमोजिमको आवश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न बोलपत्रदाता कार्यलयमा उपस्थित हुनु पर्नेछ। तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गरी त्यसपछिको दोस्रो बढी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने प्रकृया कार्यालयले अगाडी बढाउनेछ।

**१०:- सम्झौता र कायदिश**

सम्झौता र कार्यदिश देहाय बमोजिम हुनेछ।

(क) सम्झौता भए पश्चात ठेक्का सञ्चालन गर्न पाउने दररेटको विवरण उल्लेख गरि ठेक्का सञ्चालनका लागि ठेकेदारलाई कार्यालयले कायदिश दिनेछ।

(ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु गराउनु पर्नेछ।

(ग) कार्यालय र ठेकेदार बिच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले नियमानुसार ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ।

**११:- ठेकेदारले पालना गर्नु पर्ने आचरण**

(क) ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सित शिष्ट तथा सम्मानित व्यवहार गर्नुपर्नेछ।

(ख) ठेक्का सम्बन्धित पत्राचार तथा अन्य कारवाही शिष्ट, सम्मानित एवम मार्यादित भाषामा गर्नु पर्नेछ।

(ग) सार्वजनिक सम्पतिको संरक्षण गर्ने तथा शान्ति सदभाव कायम गर्ने दायित्व बहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

(घ) **IEE** र **BES** प्रतिबेदन र सम्झौताको अधिनमा रही कामकाज गर्नु पर्नेछ ।

**१२:- आकस्मिक अवरोध व्यवस्थापन**

कुनै कारणबस विशेष अवस्था सिर्जना भई कावु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का सञ्चालनमा अवरोध भएमा ठेकेदारले त्यसको सूचना तुरुन्त कार्यालयमा दिनु पर्नेछ। कार्यालय र ठेकेदार दुवैलाई मर्का नपर्ने गरि दुवै पक्षको प्रयासबाट त्यस्तो अवरोधको व्यवस्थापन गर्नु पर्नेछ।

**१३:- विवाद व्यवस्थापन**

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको वैठकको निर्णयबाट विवादको व्यवस्थापन गरिनेछ।

**१४:- कार्य सम्पन्न**

कार्यालयको सहयोगमा ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ। ठेक्का सम्झौता बमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न भएमा कार्यालयबाट कार्य सम्पन्न प्रमाणपत्र नियमानुसार ठेकेदार लाई प्रदान गरिनेछ।

**१५:- शुल्क दर**

शुल्क दर भ्याट बाहेकको देहाय बमोजिम उठाउनु पर्नेछ।

| सि.नं. | नदी जन्य तथा प्राकृतिक श्रोतको किसिम | शुल्क (भ्याट बाहेक) |
|---|---|---|
| १ | ढुंगा, गिट्टी, रोडा, ग्राभेल, चट्टान, स्लेट, बालुवा, चिप्स (स्वीकृत खानी बाहेक) | प्रति घन मिटर रु २११.८८ अर्थात प्रति घन फिट रु ६.०० |

प्रमुख प्रशासकिय अधिकृत

परशुराम नगरकार्यपालिकाको कार्यालय
लालढुंगा, जोगबुडा डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
२०७३

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
परशुराम नगरकार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा

विषयः बोलपत्र फारम पेश गरेको बारे।

तहाँ कार्यालयबाट मिति २०८३/०६/२१ मा पहिलो पटक प्रकाशित सूचनाको शर्त अनुसार काम गर्ने गरि आ.व. २०८३/०८४ को तोकिएको अवधिको लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र दरमा परशुराम नगरपालिका भएर बग्ने तपसिलको नदीको नदीजन्य पदार्थको बिक्रि शुल्क संकलन ठेक्काको लागि तपशिल बमोजिमको रकम कबोल गरेको छु।

<u>तपसिलः</u>

| सि.नं. | ठेक्काको विवरण | ठेक्का कबोल अंक (भ्याट बाहेक) रु | |
|---|---|---|---|
| | | अंकमा रु | अक्षरमा रु |
| १ | **परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला बाट ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल र रोडामा बिक्रि शुल्क उठाउने कार्य (ठेक्का नं.-IR/PM/०३/२०८३/८४)** | | |

कबोल रकमको किस्ता बुझाउदा १३% मु.अ. कर थप गरि परशुराम नगरपालिकामा बुझाउनेछु। साथै ठेक्काका शर्तहरु अध्ययन गरि उल्लेखित शर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्योहोरा बमोजिम रकम कबोल गरि बोलपत्र पेश गरेको छु।

**<u>बोलपत्रदाताको विवरणः-</u>**

आधिकारिक व्यक्तिको नामः-

ठेगानाः-

सम्पर्क नंः-

फर्मको नामः-

दस्तखतः-

फर्मको छापः-

मितिः-

प्रमुख प्रशासकिय अधिकृत